प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
स्तर निर्धारण तथा सम्बन्धन महाशाखा
सानोठिमी, भक्तपुरको

# स्थलगत निरीक्षण शुल्क जम्मा गरेका शिक्षण संस्थाहरुका लागि अत्यन्त जरुरी सूचना !

प्रकाशित मिति २०८२/०८/२९

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को मिति २०६८/१२/०८ गते बसेको १२१ औं बैठकको निर्णय बमोजिम परिषद् कार्यालयबाट मिति २०६९ जेष्ठ २९ र श्रावण ३१ गते कान्तिपुर दैनिकमा प्रकाशित सूचना बमोजिम ३ वर्षे प्रमाणपत्र/डिप्लोमा तहका विभिन्न कार्यक्रम संचालन गर्न प्रस्तावना पेश गरी मिति २०७१/०३/२१ गते कान्तिपुर दैनिकमा प्रकाशित सूचना अनुसार प्रति कार्यक्रम रु. १,००,०००/- (एक लाख) का दरले स्थलगत निरीक्षण शुल्क जम्मा गरी स्थलगत निरीक्षण नभएका वा स्थलगत निरीक्षण भै आशयपत्र (LOI) पाउन बाँकी रहेका संस्थाहरुले सम्बन्धन/स्वीकृति प्रकृयामा सहभागी हुन इच्छुक आवेदक संस्थाहरूले १५ (पन्ध्र) दिन (२०८२/०९/१४ गते) भित्र परिषद्का सम्बन्धित प्रदेश कार्यालयहरु वा परिषद् केन्द्रिय कार्यालय सानोठिमी, भक्तपुरमा तपशिल बमोजिमका कागजात सहित सक्कलै निवेदन पेश गर्नुहुन अनुरोध छ।

<u>निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरु:</u>

१) प्रस्तावना पेश गर्दाको प्रस्तावना दर्ता नं. र मिति (प्रत्येक कार्यक्रमको)

२) स्थलगत निरीक्षण शुल्क जम्मा गरेको रसिदको प्रतिलिपी।

**सम्पर्कका लागि**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
फोन नं. ०१-६६३०४०८, सानोठिमी, भक्तपुर।
इमेल:**ctevtaccreditation061@gmail.com**